नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

वर्ष ४ • अंक २७४ • २०८३ साल भाद्र २४ गते बुधबार • Wednesday 09, September 2026 • सूर्योदय: बिहान ०५:४४ बजे • सूर्यास्त: साँझ ०६:१९ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## भदौ २३ गते मंगलबार देशभरि जन्जी सहिद दिवस मनाइयो

**मधेशदृष्टि**
**वीरगंज।**
जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका शहीदहरूको स्मरणमा मंगलबार देशभर जेन्जी सहिद दिवस विभिन्न कार्यक्रमका साथ मनाईएको छ । प्रथम जेन्जी सहिद दिवसको अवसरमा आज साँझ वीरंगंजमा दीप प्रज्वलन गरिंदै छ । दिवसको अवसरमा सरकारले आज सार्वजनिक बिदा दिएको थियो।

सरकारले भदौ २३ गतेलाई 'जेनजी शहीद दिवस' घोषणा गर्दै प्रत्येक वर्ष यस दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । गत वर्ष सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धको विरोधबाट सुरु भएको जेनजी आन्दोलन केही समयमै व्यापक राजनीतिक तथा सामाजिक असन्तुष्टिको आन्दोलनमा परिणत भएको थियो।

गत वर्ष भदौ २३ र २४ गते दुई दिनसम्म चलेको आन्दोलनका क्रममा प्रदर्शनकारी र सुरक्षाकर्मी सहित ७६ जनाले ज्यान गुमाएका थिए । आन्दोलनका क्रममा सरकारी तथा निजी सम्पत्तिमा समेत आगजनी र तोडफोडका घटना भएका थिए।

### वीरगंजका विवादित जग्गामा 'बार्गेनिङ' प्रकरण:

# संजय ठाकुर काठमाडौंमा पक्राउ

## अब खुल्ला 'भूमाफिया' सञ्जालको रहस्य ?



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा लामो समयदेखि विवादित घरजग्गामा किचलो सिर्जना गरेर जग्गाधनीलाई दबाब दिने र विवाद समाधानका नाममा ठूलो रकम बार्गेनिङ गर्ने गरेको आरोप लागेका सर्लाहीका संजय कुमार ठाकुर अन्ततः प्रहरीको नियन्त्रणमा परेका छन् । पर्सा प्रहरीले ठाकुरलाई मंगलबार दिउँसो काठमाडौंको शान्तिनगर गेटबाट पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय पर्सामा उनीविरुद्ध विश्वासघात तथा ठगीसम्बन्धी कसुरमा २०८२ असोज ४ गते मुद्दा दर्ता भएको थियो।

मुद्दा दर्ता भएको लामो समयसम्म फरार रहेका ठाकुरलाई पर्सा प्रहरीले खोजी तीव्र बनाएपछि काठमाडौं पुगेर पक्राउ गरेको जनाएको छ । उनलाई बुधबार पर्सा ल्याउने तयारी भइरहेको प्रहरीको भनाइ छ । ठाकुरको पक्राउलाई एउटा व्यक्तिमाथिको सामान्य कानुनी कारबाहीका रूपमा मात्र नभई वीरगंजका विवादित घरजग्गामा कागजात, वारेसनामा, दबाब, धम्की र आर्थिक बार्गेनिङको आरोपसँग जोडिएको सम्भावित सञ्जालसम्म पुग्ने महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ।

- **२१ घरधुरीको जग्गामा विवाद, करोडौँको बार्गेनिङ**

ठाकुरमाथि वीरगंज महानगरपालिका–१० आदर्शनगरमा रहेको स्काईलाइन महलसहित करिब २१ घरधुरीको जग्गामा विवाद उत्पन्न गराएर जग्गाधनीसँग करोडौँ रुपैयाँ मागेको आरोप छ । उक्त विषयमा आदर्शनगर क्षेत्रका २१ जना जग्गाधनीले समेत ठाकुरलगायतका व्यक्तिविरुद्ध आपराधिक लाभ लिने उद्देश्यले ठगी गरेको आरोपमा प्रहरीमा जाहेरी दिएका थिए।

जग्गाधनीहरूले लामो समयदेखि आफूहरूको सम्पत्तिमा अनावश्यक विवाद खडा गरी मानसिक दबाब सिर्जना गर्ने प्रयास भएको आरोप लगाउँदै आएका छन् । ठाकुरले विवाद समाधान गरिदिने नाममा ठूलो रकम माग्ने गरेको आरोपसमेत उनीहरूमध्ये केहीको छ । स्काईलाइन महलका एक सञ्चालकले समेत विवाद अन्त्य गर्ने भन्दै ठाकुरले आफूहरूसँग १ करोड रुपैयाँ माग गरेको बताएका छन्।

- **मुद्दा दर्ता भएको लामो समयपछि पक्राउ**

ठाकुरविरुद्ध तत्कालीन प्रहरी उपरीक्षक गौतम मिश्रको कार्यकालमा मुद्दा दर्ता भएको थियो । तर मुद्दा दर्तापछि पनि उनी लामो समयसम्म पक्राउ परेका थिएनन् । यसबीच तत्कालीन प्रहरी उपरीक्षक सुदीपराज पाठकको कार्यकालमा ठाकुरले संरक्षण पाएको आरोपसमेत स्थानीयबाट लाग्दै आएको थियो । आदर्शनगरका स्थानीयवासीले ठाकुरले आफूहरूलाई धम्क्याउने गतिविधि गर्दा तत्कालीन प्रहरी नेतृत्व र पर्साका तत्कालीन प्रमुख जिल्ला अधिकारी भोला दाहालबाट संरक्षण पाएको आरोप लगाएका थिए।

हाल पर्साको प्रहरी नेतृत्वमा प्रहरी उपरीक्षक पवन भट्टराई आएपछि पुराना मुद्दाको अवस्था र फरार अभियुक्तहरूको खोजीबारे जानकारी लिइएको प्रहरीले जनाएको छ । त्यसक्रममा ठाकुरको खोजीका लागि प्रहरी निरीक्षकको कमाण्डमा टोली परिचालन गरिएको र उक्त टोलीले काठमाडौं पुगेर उनलाई पक्राउ गरेको हो।

पर्साका प्रहरी नायव उपरीक्षक चक्रबहादुर मल्लका अनुसार ठाकुरसहित अन्य व्यक्तिविरुद्ध पनि जाहेरी परेको छ । थप अनुसन्धानपछि प्राप्त तथ्यका आधारमा कानुनबमोजिम कारबाही अघि बढाइने प्रहरीले जनाएको छ।

- **महानगरका कर्मचारीलाई धम्की दिएको आरोप पनि**

ठाकुर यसअघि पनि विवादमा आएका व्यक्ति हुन् । वीरगंज महानगरपालिकाका कर्मचारीलाई ज्यान मार्ने धम्की दिएको तथा अपशब्द प्रयोग गरी गालीगलौज गरेको आरोपमा नगर प्रहरीले उनलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाएको थियो।

महानगरपालिकाले प्रहरीलाई औपचारिक पत्र पठाउँदै ठाकुरले विभिन्न व्यक्तिको नाममा फर्जी वारेसनामा तयार पार्ने, वीरगंजका नागरिकलाई धम्क्याउने र रकम असुली गर्न खोज्ने गतिविधि गरेको भन्दै कानुनी कारबाहीको माग गरेको थियो । महानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण तथा नक्सा शाखा प्रमुख गौरव झामाथि समेत दुव्र्यवहार गरेको महानगरको दाबी थियो।

तर तत्कालीन प्रहरी उपरीक्षक पाठकको कार्यकालमा ठाकुरलाई सामान्य तारेखमा छाडिएको भन्दै महानगरका कर्मचारी असन्तुष्ट बनेका थिए । अहिले उनै ठाकुर ठगीसम्बन्धी मुद्दामा पक्राउ परेपछि त्यसबेला प्रहरीबाट भएको निर्णयमाथि पनि प्रश्न उठ्न थालेको छ।

महानगरका एक कर्मचारीका अनुसार कार्यस्थलमै आएर कर्मचारीलाई धम्की दिने व्यक्तिलाई स्थानीय तहले कानुनी कारबाहीका लागि प्रहरीमा बुझाए पनि सामान्य तारेखमा छाडिँदा कर्मचारीको सुरक्षामाथि नै प्रश्न खडा भएको थियो।

- **'माथिसम्म पहुँच छ' भन्दै दबाब**

ठाकुरमाथि आफूलाई शक्तिशाली सरकारी निकाय तथा उच्च अधिकारीहरूसँग निकट रहेको देखाएर सम्बन्धित व्यक्तिमाथि दबाब सिर्जना गर्ने गरेको आरोप पनि लागेको छ । सम्बन्धित व्यक्तिहरूका अनुसार ठाकुरले आफू प्रहरी महानिरीक्षकदेखि मन्त्रालयका सचिव, सरकारी वकिल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, नापी, मालपोत तथा न्यायालयका उच्च तहका अधिकारीसँग पहुँच रहेको दाबी गर्दै आएका थिए । भारतीय दूतावाससम्म आफ्नो पहुँच

*बाँकी पृष्ठ ३ मा*

## एसपीलाई धम्काएको आरोपमा नेकपा नेता यादव पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
तत्कालीन जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्कालाई टेलिफोनमार्फत धम्की दिएको आरोपमा नेकपाका नेता अशोक यादव पक्राउ परेका छन् । मधेश प्रदेश प्रहरी कार्यालयका डीआईजी ओम अधिकारीले यादव पक्राउ परेको पुष्टि गरेका छन्।

उनका अनुसार तत्कालीन एसपी खड्कालाई धम्की दिएको घटनासँग जोडिएको आरोपमा यादवलाई नियन्त्रणमा लिइएको हो।

घटना २०८२ साल असारको हो । त्यतिबेला यादवले प्रहरी उपरीक्षक खड्कालाई फोन गरी अपशब्द प्रयोग गर्दै धम्की दिएको भनिएको अडिओ सामाजिक सञ्जालमार्फत सार्वजनिक भएको थियो । उक्त अडिओमा खड्कालाई 'तराईमा लुट्न आएको लुटेरा' भन्दै आपत्तिजनक शब्द प्रयोग गरिएको सुनिएको थियो।

अडिओ सार्वजनिक भएपछि प्रहरीले घटनाको अनुसन्धान अघि बढाउँदै यादवको खोजी थालेको थियो । त्यस क्रममा उनी फरार रहेको प्रहरीको दाबी थियो । लामो समयपछि यादवलाई पक्राउ गरिएको डीआईजी अधिकारीले जानकारी दिए । प्रहरीका अनुसार धम्की दिइएको समयमा यादव जनता समाजवादी पार्टी (जसपा)मा आबद्ध थिए । पछिल्लो समय भने उनी नेकपामा प्रवेश गरेका छन्।

यादवमाथि लागेको आरोपबारे प्रहरीले थप अनुसन्धान अघि बढाएको छ । पक्राउपछि उनलाई कानुनी प्रक्रियाअनुसार अनुसन्धान तथा आवश्यक कारबाही अघि बढाइने प्रहरीको भनाइ छ।

## पक्राउ परेको काठ तस्कर हत्कडीसहित फरार

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सागढी नगरपालिका–२ हरपुर गोडपसरा जाने खेतको बाटोबाट प्रहरीले पक्राउ गरेका काठ तस्कर हत्कडीसहित फरार भएका छन्।

मंगलबार बिहान करिब ५ बजेको समयमा काठ तस्करहरूले खेतको बाटो हुँदै साइकलमा काठ ढुवानी गरिरहेको अवस्थामा प्रहरी चौकी मनवाबाट खटिएको गस्ती टोलीले एक जनालाई नियन्त्रणमा लिएको थियो भने काठ र साइकलसहित छाडेर अन्य तसकरहरू फरार भएका थिए।



पक्राउ परेका व्यक्तिलाई प्रहरीले हत्कडी लगाएर सोही स्थानमा राखि बरामद काठ प्रहरी चौकी लैजान ट्र्याक्टरमा लोड गर्ने क्रममा हथकडी सहित अभियुक्त फरार भएको प्रहरीको भनाई छ। फरार भएका व्यक्ति पर्सागढी नगरपालिका वडा नं. ५ निवासी दिनेश पासवान रहेको प्रहरीले जनाएको छ। पासवानको घरबाट हथकडी बरामद भएको तर पासवान भने फरार रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डिएसपी चक्रवहादुर मल्लले जानकारी दिएका छन्।

### भोटेकोशी बाढीको १३ दिन:

# सुशीलको प्रतीक्षामा चार सन्तान !

**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवाको भोटेकोशी नदीमा गत भदौ १० गते आएको विनाशकारी बाढीमा परी बेपत्ता भएका आफ्ना आफन्तको खोजीमा परिवारहरू दिनरात छटपटाइरहेका छन् । घटना भएको १३ दिन बितिसक्दा पनि बेपत्ता भएकाहरूको अवस्था पत्ता नलागेपछि पीडित परिवारमा आशा र निराशाबीचको पीडा बढ्दै गएको छ । बाढीमा नेपालीसँगै विदेशी नागरिकसमेत बेपत्ता भएका छन् । सरकारले खोजी तथा उद्धारका लागि विभिन्न प्रयास गरिरहेको जनाएपनि लामो समयसम्म आफन्तको अवस्था थाहा नहुँदा परिवारका सदस्यहरू शोक र चिन्तामा छन्।



बेपत्ता आफन्तको खोजीमा परिवारका सदस्यहरू काठमाडौँ, भरतपुर, चितवन, पोखरा, रसुवा, नुवाकोट र धादिङसम्म पुगेका छन् । सम्भावित स्थानमा खोजी गर्दा पनि कुनै खबर नपाएपछि कतिपय परिवारले सार्वजनिक स्थानमा बेपत्ता व्यक्तिको तस्बिर टाँसेर खोजीमा सहयोग गरिदिन अपिल गरिरहेका छन्।

लामो समयसम्म जीवित अवस्थामा फेला पार्ने सम्भावना कमजोर बन्दै गएपछि पीडित परिवारको एउटै आग्रह छ—जीवितै भेट्न नसके पनि कम्तीमा शव पहिचान गरी परिवारलाई बुझाइदिन सरकारसँग उनीहरूले आग्रह गरेका छन्।

- **सेनाको जागिर छाडेर चालक बनेका सुशील बेपत्ता**

भोटेकोशी बाढीमा बेपत्ता हुनेमध्ये महोत्तरीको जलेश्वर नगरपालिका–१० सारीका ३९ वर्षीय सुशील दास पनि छन् । द्वन्द्वकालमा माओवादीबाट ज्यान मार्ने धम्की आएपछि उनले नेपाली सेनाको जागिर छाडेका थिए । त्यसपछि सवारी चालकको काम गर्दै परिवारको जीविकोपार्जन गर्दै आएका उनी काठमाडौँबाट पर्यटक ओसार्ने हायस चलाउँदै आएका थिए।

भदौ ९ गते राति करिब २० जना पर्यटक लिएर उनी रसुवा पुगेका थिए । भोलिपल्ट पर्यटक लिएर काठमाडौँ फर्कने उनको योजना थियो।

तर, भदौ १० गते आएको बाढीपछि उनीसँगै उनीले लगेका पर्यटकको समेत अवस्था अज्ञात छ । सुशीलकी श्रीमती ममताकुमारी दासका अनुसार श्रीमान् बेपत्ता भएको खबर पाएपछि परिवारले विभिन्न स्थानमा पुगेर खोजी गरिसकेको छ । तर अहिलेसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन।

'यति दिन बितिसक्यो, सबैतिर खोज्यौँ तर उहाँको केही खबर आएको छैन,' ममताले भावुक हुँदै भनिन्, 'सरकारले उहाँलाई जीवितै भेटाउन नसके पनि कम्तीमा शव फेला पारेर परिवारलाई बुझाइदिए हुन्थ्यो।'

- **चार सन्तानको भविष्यको चिन्ता**

सुशील बेपत्ता भएपछि उनकी श्रीमती र चार छोराछोरीको जिम्मेवारी थप जटिल बनेको छ। २० वर्षीया मुस्कान, १८ वर्षीया मनिसा, १५ वर्षीय विशाल र १० वर्षीय बिटु अहिले बुवाको प्रतीक्षामा छन्।

आर्थिक अवस्था कमजोर भएकाले छोराछोरीलाई घरमै राखेर पढाउन कठिन भएपछि ममताले दुई सन्तानसहित सिन्धुलीमा कोठा भाडामा लिएर बस्दै आएकी थिइन् । छोरीहरू उच्च शिक्षा अध्ययन गरिरहेका छन् भने छोराहरू विद्यालयमा पढिरहेका छन्।

'अब यी छोराछोरीलाई कसरी पढाउने र कसरी पाल्ने भन्ने चिन्ता छ,' ममताले भनिन्, 'छोरीहरूको पढाइ चलिरहेको छ, छोराहरू पनि विद्यालयमा छन् । उहाँबिना घरखर्च र पढाइको खर्च धान्न निकै कठिन हुन्छ।'

- **'सरकारले खोजेर ल्याइदेला नि बाबु ?'**

सुशीलकी ७० वर्षीया आमा सुमित्रादेवी छोराको अवस्थाबारे थाहा पाउन नसक्दा झन् पीडामा छन् । उनका अनुसार सुशीलले नेपाली सेनामा राम्रो जागिर पाएका थिए । तर द्वन्द्वका क्रममा ज्यान मार्ने धम्की आएपछि उनले जागिर छाडेर चालकको काम रोजेका थिए । 'सेनाको राम्रो जागिर थियो । ज्यान मार्ने धम्की आएपछि जागिर छाडेर ड्राइभर बनेको थियो,' उनले आँसु झार्दै भनिन्,

*बाँकी पृष्ठ ३ मा*

## सम्पादकीय

# महिला हिंसाको यो क्रूरता कहिलेसम्म सहने ?

रौतहटको गुजरा नगरपालिका–५ हरिहरपुरमा ४५ वर्षीया रेनुदेवी जयसवालमाथि सडकछेउमै खुकुरी प्रहार भयो । उनी स्थानीयकै आँखाअगाडि ढलिन्, ज्यान गुमाइन् । तर यो घटनाको सबैभन्दा पीडादायी दृश्य केवल खुकुरी प्रहार गर्ने हात थिएन । उनलाई बचाउन दौडिनुपर्ने केही व्यक्ति मोबाइल निकालेर भिडियो खिच्न व्यस्त देखिए । एउटा महिला ज्यान जाँदै गर्दा समाजको एउटा हिस्सा उद्धारकर्ता होइन, दर्शक बन्यो । यो दृश्यले मधेशी समाजको संवेदनशीलतालाई छर्लङ्ग बनाएको छ, कि हामी यति असंवेदनशील भइसकेका हौँ कि कसैको ज्यान जाँदै गर्दा पनि मोबाइलको क्यामेरा हाम्रो पहिलो प्राथमिकता बन्छ ? रेनुदेवीको हत्या एउटा आपराधिक घटना हो । आरोपितमाथि कानुनबमोजिम कारबाही हुनुपर्छ । तर घटनाको भिडियो खिचेर बस्ने मानसिकता पनि समाजका लागि उत्तिकै खतरनाक संकेत हो । हिंसा देखेर रोक्न नसक्नु, पीडितलाई तत्काल सहयोग नगर्नु र घटनालाई ‘भाइरल सामग्री’का रूपमा हेर्नु सामाजिक पतनको गम्भीर अवस्था हो।

मधेशमा पछिल्लो समय महिला तथा बालिकामाथि भएका घटनाको प्रकृति हेर्दा समस्या झनै गहिरो देखिन्छ । सिरहामा मोबाइलमा साथीसँग कुरा गरेको आरोपमा २८ वर्षीया सञ्जना यादवलाई हातखुट्टा बाँधेर तातो फलामे रडले यातना दिएको आरोप छ। रौतहटमा नवविवाहिता निशाकुमारी साह सोनारको मृत्यु शंकास्पद बनेको छ र माइती पक्षले दाइजोको निहुँमा हत्या भएको आरोप लगाएको छ । बारामा १३ वर्षीया सरिया खातुनको भिडियो बनाएर सामाजिक सञ्जालमा फैलाइएपछि उत्पन्न मानसिक दबाबले उनको ज्यान गएको प्रहरीको प्रारम्भिक निष्कर्ष छ। यी घटना उस्तै छैनन्। कसैलाई खुकुरी प्रहार गरिएको छ, कसैलाई घरभित्र चरम यातना दिइएको छ, कसैको मृत्यु दाइजो हिंसासँग जोडिएको आशंका गरिएको छ भने एउटी बालिका सामाजिक सञ्जालको भीड मानसिकताको शिकार बनेकी छन्। तर सबै घटनाको केन्द्रमा एउटा साझा प्रश्न छ महिला र बालिकालाई हामी अझै पनि पूर्ण अधिकारसहितको स्वतन्त्र नागरिकका रूपमा स्वीकार गर्न तयार छौँ कि छैनौँ ? समस्या केवल अपराधीको हातमा छैन। समस्या हाम्रो सोचमा पनि छ।

मोबाइलमा कसैसँग कुरा गर्नु अपराध होइन । आफ्नो जीवनसाथीमाथि शंका लाग्यो भन्दै हातखुट्टा बाँधेर यातना दिन पाइँदैन। दाइजो माग्नु वा दाइजोका नाममा मानसिक तथा शारीरिक दबाब दिनु कुनै पारिवारिक परम्परा होइन, अपराध हो। महिलालाई नियन्त्रण गर्नु पुरुषको अधिकार होइन। बालिकाको भिडियो बनाएर सामाजिक सञ्जालमा फैलाउनु मनोरञ्जन होइन। र कसैमाथि हिंसा भइरहेको देखेर मोबाइलको क्यामेरा तेर्स्याउनु नागरिक कर्तव्य होइन । तर हाम्रो समाजमा यस्ता गलत व्यवहारलाई अझै पनि कतिपय अवस्थामा ‘घरायसी कुरा’, ‘श्रीमान्–श्रीमतीको झगडा’, ‘परिवारको आन्तरिक समस्या’ वा ‘गाउँको कुरा’ भन्दै सामान्यीकरण गरिन्छ। यही मौनताले हिंसालाई बल दिन्छ।

मधेश प्रदेश प्रहरीको तथ्यांक आफैँमा गम्भीर चेतावनी हो। आर्थिक वर्ष २०८२÷८३ मा प्रदेशका आठ जिल्लामा महिला तथा बालबालिकासम्बन्धी ८ सय ३६ वटा मुद्दा दर्ता भएका छन्। तीमध्ये जबरजस्ती करणीका ३ सय २९, बहुविवाहका १ सय ३०, जबरजस्ती करणी उद्योगका ७३, अपहरण गरी जबरजस्ती करणीका ४३ तथा अपहरण तथा शरीर बन्धकका ४८ मुद्दा छन्। बोक्सीको आरोप, मानव बेचबिखन, बाल यौन दुरुपयोग तथा आत्महत्या गर्न दुरुत्साहनजस्ता गम्भीर प्रकृतिका मुद्दासमेत प्रहरीमा दर्ता भएका छन् । यी तथ्यांक केवल अंक होइनन् । प्रत्येक अंकको पछाडि एउटा जीवन छ, एउटा परिवार छ, एउटा पीडा छ। प्रहरीमा दर्ता भएका घटना मात्र हुन्, सामाजिक लाज, परिवारको दबाब, आर्थिक निर्भरता, धम्की र मेलमिलापको नाममा दबाइएका कति घटना बाहिर आउँदैनन् भन्ने प्रश्न अझै अनुत्तरित छ । त्यसैले महिला हिंसाको समस्या प्रहरीको मात्रै समस्या होइन। यो परिवारको समस्या हो, विद्यालयको समस्या हो, स्थानीय सरकारको समस्या हो, राजनीतिक नेतृत्वको समस्या हो र समग्र समाजको समस्या हो।

हिंसा गर्ने व्यक्तिलाई कानुनको डर नहुने हो भने कानुनको अस्तित्व कमजोर हुन्छ। अपराध गरेपछि राजनीतिक, आर्थिक वा सामाजिक प्रभावका आधारमा उम्किन सकिन्छ भन्ने सन्देश फैलियो भने अपराधीको मनोबल बढ्छ । त्यसैले अनुसन्धान निष्पक्ष हुनुपर्छ, अभियोजन प्रभावकारी हुनुपर्छ र दोष प्रमाणित भएमा कानुनअनुसार कठोर सजाय सुनिश्चित हुनुपर्छ । तर सजाय मात्र पर्याप्त छैन । हिंसा हुनुअघि रोक्ने सामाजिक प्रणाली पनि आवश्यक छ। स्थानीय तहले महिला हिंसाविरुद्धका कार्यक्रमलाई औपचारिक बजेट र कागजी प्रतिवेदनमा सीमित राख्नु हुँदैन । प्रत्येक वडा र समुदायमा हिंसा पहिचान गर्ने, पीडितलाई सुरक्षित स्थानमा पु¥याउने, कानुनी सहायता दिने र मनोसामाजिक सहयोग उपलब्ध गराउने संयन्त्र प्रभावकारी बनाउनुपर्छ । विद्यालय तहबाटै लैंगिक समानता, सम्मानजनक व्यवहार र डिजिटल जिम्मेवारीबारे शिक्षा दिनुपर्छ।

सामाजिक सञ्जालको विषय पनि उत्तिकै गम्भीर छ । कसैको चरित्रमाथि आरोप लगाएर भिडियो बनाउने, अनुमति नलिई व्यक्तिगत क्षण सार्वजनिक गर्ने, अफवाह फैलाउने र भीडको मानसिकता निर्माण गर्ने प्रवृत्तिले वास्तविक जीवनमा गम्भीर परिणाम निम्त्याउन सक्छ । सरिया खातुनको घटनाले यसतर्फ समाजलाई झक्झक्याएको छ । अब ‘भाइरल’ हुने लोभमा कसैको जीवन बर्बाद पार्ने प्रवृत्तिविरुद्ध कानुनी र सामाजिक दुवै प्रतिरोध आवश्यक छ । प्रहरीले पनि हिंसाका घटनामा प्रारम्भिक सूचना पाउनेबित्तिकै संवेदनशील र पीडितमैत्री ढंगले काम गर्नुपर्छ । छिमेकीले चिच्याएको आवाज सुनेर प्रहरीलाई खबर गरेको सिरहाको घटनाले एउटा सकारात्मक पक्ष देखाएको छ समयमै सूचना दिन सकियो भने ज्यान जोगाउन सकिन्छ। त्यसैले हिंसा देख्दा ‘हाम्रो सरोकार होइन’ भनेर पन्छिने होइन, सुरक्षित ढंगले प्रहरी वा सम्बन्धित निकायलाई खबर गर्ने संस्कार विकास गर्नुपर्छ।

रेनुदेवीलाई बचाउन सकिएन । सञ्जनाले भोगेको यातनाले हाम्रो समाजको कठोर अनुहार देखायो। निशाकुमारीको मृत्युले दाइजो र वैवाहिक सम्बन्धभित्रको हिंसामाथि प्रश्न उठाएको छ । सरिया खातुनको घटनाले सामाजिक सञ्जालको गैरजिम्मेवार प्रयोग कति घातक हुन सक्छ भन्ने देखाएको छ। अब पनि हामी चुप लागिरहने हो भने भोलिको घटना कसको घरमा हुन्छ भनेर अनुमान गर्न सकिँदैन। महिला हिंसा कुनै निजी पारिवारिक विषय होइन, यो सामाजिक अपराध हो। बालिकामाथिको हिंसा कुनै ‘गाउँको कुरा’ होइन, राज्य र समाज दुवैको जिम्मेवारी हो । र हिंसा भइरहेको बेला तमासा हेर्नु पनि सभ्य समाजको परिचय होइन। मधेशलाई हिंसाको समाचारले चिनाउने होइन, हिंसाविरुद्ध उभिने समाजका रूपमा चिनाउनुपर्छ। त्यसका लागि कानुन कडा हुनुपर्छ, प्रहरी सक्रिय हुनुपर्छ, स्थानीय सरकार जवाफदेही हुनुपर्छ, परिवार सचेत हुनुपर्छ र नागरिक मौन दर्शक बन्न छाड्नुपर्छ । किनकि कुनै महिलामाथि खुकुरी चल्दा केवल एउटा जीवन सकिँदैन त्यो क्षण हाम्रो सामूहिक मानवता पनि परीक्षामा हुन्छ। अपराधीलाई मात्र होइन, हामी सबैलाई सोधिनुपर्छ ‘अर्को रेनुदेवी ढल्दा हामी मोबाइल निकाल्छौँ कि हात बढाउँछौँ ?’

## ‘जेनजी’ आन्दोलनको एक वर्षः

# पूर्वाधार क्षेत्रमा कानुनी सुधारदेखि सुरुङमार्गसम्म

हिमाल लम्साल

**काठमाडौँ।**
नेपालको पूर्वाधार तथा विकास निर्माणका क्षेत्रमा ‘जेनजी’ आन्दोलनपश्चात्को वर्षदिनमा थुप्रै नीतिगत र कानुनी सुधारका प्रयास भइरहेका छन् । मुलुकको विकास निर्माणमा वर्षौंदेखिको बाधकका रुपमा चित्रण गरिएको ‘सार्वजनिक खरिद ऐन, २०६३’ जेनजी आन्दोलनपछिको निर्वाचित वर्तमान सरकारले संशोधन गरी समयसापेक्ष बनाएको छ । पूर्वाधार निर्माण र विकास आयोजनाका क्षेत्रमा यो कानुनको समयसापेक्ष संशोधन र परिमार्जनलाई एक महत्त्वपूर्ण कदमका रुपमा लिइएको छ । पूर्वाधार निर्माण क्षेत्रमा देखिएका जटिलता र बाधा–व्यवधानलाई यसले क्रमशः अन्त्य गर्दै पूर्वाधार तथा विकास निर्माणमा सहजता ल्याउने कडीको रुपमा हेरिएको छ । सडक विभागका महानिर्देशक डा विजय जैसीले जेनजी आन्दोलनपश्चात् बनेको सरकारले सार्वजनिक खरिद (दोस्रो संशोधन) मार्फत नीतिगत र कानुनी रुपमा सुधारको उल्लेखनीय काम गरेको बताउँछन्।

उनले सार्वजनिक खरिद ऐनलाई समयसापेक्ष, निर्माणमैत्री र सुशासन कायम गर्ने खालको रहेको बताए। ‘सरकारले सार्वजनिक खरिद ऐनलाई समयसापेक्ष बनाएर अन्तरराष्ट्रिय तथा राष्ट्रिय बोलपत्र आह्वानको समय घटाउनेदेखि निर्माण कम्पनीबाट हुने विकृतिलाई रोक्नेसम्मको प्रयास गरेको छ’ उनले भने। सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३ मार्फत ठेक्का आह्वान गर्दा लाग्ने समय पनि घटाउने निर्णय गरेको छ। ऐन संशोधनमार्फत राष्ट्रियस्तरको बोलपत्रको लागि २१ दिन र पुनः बोलपत्र आह्वान गर्दा सात दिनको म्याद राखिएको छ। यस अघि भने राष्ट्रियस्तरको लागि ३० दिन र पुनः बोलपत्र आह्वानको लागि १५ दिनको म्याद राखिएको छ । सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३ मार्फत अन्तरराष्ट्रिय बोलपत्र आह्वानको लागि ३० दिन र पुनः अन्तरराष्ट्रिय बोलपत्र आह्वानको लागि भने १५ दिनको समय तोकिएको छ । यस अघि भने अन्तरराष्ट्रिय बोलपत्र आह्वानको लागि ४५ दिन र पुनः आह्वानको लागि २१ दिनको समय तोकिएको थियो।

यी मात्रै होइन्, सार्वजनिक खरिद ऐनका विभिन्न प्रावधानलाई संशोधन गरेर विकास निर्माण तथा पूर्वाधारमैत्री बनाउने काम भएको छ । सार्वजनिक खरिद ऐनका अहिले नयाँ व्यवस्था गरिएका प्रावधान अन्तरराष्ट्रियस्तरका भएकाले पनि व्यवहारिक जटिलतालाई कम गर्नका लागि महत्त्वपूर्ण भूमिका खेल्ने महानिर्देशक जैसीको भनाइ छ। सरकारले पूर्वाधार क्षेत्रमा मात्रै नभएर यातायात क्षेत्रलाई पनि दीर्घकालीन महत्व बोक्ने राष्ट्रिय यातायात नीति, २०८३ तर्जुमा गरी कार्यान्वयन गरिसकेको छ।

सरकारले राष्ट्रिय यातायात नीति, २०५८ आएको झण्डै २५ वर्षपछि समयसापेक्ष र व्यवहारिक पक्षलाई ध्यान दिँदै राष्ट्रिय यातायात नीति, २०८३ कार्यान्वयनमा ल्याएको छ। राष्ट्रिय यातायात नीति, २०८३ को दूरदृष्टिमा दिगो, सुरक्षित, सर्वसुलभ, समावेशी, हरित र प्रविधिमैत्री यातायात प्रणाली रहेको उल्लेख गरिएको छ। सो नीतिले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकार्यमा प्रविधि र वातावरणमैत्री, ऊर्जा दक्ष, सुरक्षित तथा सहज एकीकृत यातायात प्रणालीको विकास र व्यवस्थापन गर्ने विषयलाई जोड दिएको छ । सरकारले ल्याएको ‘राष्ट्रिय यातायात नीति, २०८३’ पनि विद्युतीय सवारीसाधन र ‘चार्जिङ स्टेशन’लाई प्रवद्र्धन गर्ने गरी नीति तर्जुमा गरेर कार्यान्वयनमा ल्याएको छ । मन्त्रिपरिषद्को २०८३ असार २४ गतेको बैठकले सो नीतिलाई पारित गरेर कार्यान्वयनमा ल्याइसकेको छ।

सो नीतिमा ‘नेपालको एकीकृत यातायात प्रणालीलाई सुरक्षित, सुलभ,




दिगो र प्रतिस्पर्धी बनाउँदै आर्थिक, समृद्धि, सामाजिक समावेशीता र क्षेत्रीय एकीकरणमा प्रभावकारी योगदान पुऱ्याउने मुख्य लक्ष्य राखेको छ । नेपाल सरकारले ‘बिबिआइएन’, ‘सासेक’ र बिमस्टेकजस्ता क्षेत्रीय मञ्चमार्फत क्षेत्रीय सम्पर्क, आर्थिक करिडोर विकास तथा सीमापार यातायात प्रवद्र्धन गर्ने उद्देश्यका साथ विभिन्न पहल अघि बढाउँदै आएको छ। त्यसले पनि यातायात क्षेत्रमा सुधारका सङ्केत देखापरेका छन् । बढ्दो जलवायु परिवर्तनजन्य जोखिम र असरको सन्दर्भमा नेपालले पेरिस सम्झौताप्रति प्रतिबद्धता जनाउँदै जलवायु सहनीय हरित तथा दिगो यातायात प्रणालीको विकासलाई प्राथमिकतामा राख्दै आएको छ। सोअनुरुप हाल मुलुकमा दर्ता भएका सवारीसाधन मध्ये विद्युतीय साधनको सङ्ख्या ६३ हजार २८० पुगेको छ । आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म देशभर ६२ लाख ४९ हजार ७३२ सवारीसाधन दर्ता भइसकेका छन्। दर्ता भएकामध्ये सवारी र यातायातका साधन मध्ये ५० लाखभन्दा बढी मोटरसाइकल छन् । मोटरसाइकलको हिस्सा ८० प्रतिशतभन्दा बढी छ।

### सुरुङमार्ग युगमा प्रवेश

नीतिगत र कानुनी सुधार मात्रै नभएर सोही अवधिमा नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा आएपछि मुलुक सुरुङयुगतर्फ पनि अघि बढेको छ। नेपाली जनताको वर्षौंदेखिको सुरुङमार्गमा सवारीसाधन गुडाउने सपनाले पनि मूर्तरुप पाएको छ । सन् २०१९ को १४ नोभेम्बरदेखि निर्माण थालिएको नागढुङ्गा सुरुङमार्गमा गत साउन ११ गतेदेखि औपचारिक रुपमा सवारीसाधन सञ्चालनमा ल्याइएको छ । यो सुरुङमार्ग दुई हजार ६८८ मिटर लामो छ। उक्त सुरुङमार्ग सञ्चालनमा आएसँगै नागढुङ्गा–नौबिसे सुरुङमार्गमा घण्टौँ सवारीसाधनको जाम हुँदा इन्धन र समयको बर्बादीको अवस्था केहीहदसम्म अन्त्य भएको छ। नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाका निर्देशक सौजन्य नेपालले नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा आएसँगै सडक सुरुङमार्गको युगमा प्रवेश गरेको बताए । ‘सुरुङमार्ग सञ्चालनमा आएसँगै नेपालमा सुरुङमार्गमार्फत मुलुकको समृद्धिको आशा जगाउने काम गरेको छ’, उनले भने, ‘नागढुङ्गा सुरुङमार्गको अनुभव र सिकाइले अन्य सुरुङमार्गका सीप र क्षमता विस्तार गर्ने अवसरको रुपमा पनि लिनुपर्ने हुन्छ।’

### सवारी लाइसेन्स् उपलब्ध

जेनजी आन्दोलनपछिको एक वर्षे उपलब्धिमा वर्षौँदेखि सवारीचालक अनुमतिपत्र (लाइसेन्स)को रसिद बोकेर हिड्नुपर्ने बाध्यताको अन्त्यलाई पनि मुख्य उपलब्धिको रुपमा चित्रित गरिएको छ । लाइसेन्सको राजस्व तिरेका तर, वर्षौंसम्म लाइसेन्स नपाएका सर्वसाधारणले छोटो अवधिमा नै लाइसेन्स प्राप्त गरेका छन्। यातायात व्यवस्था विभागले विगत चार वर्षदेखि विभिन्न कारणले छपाइ गर्न नसकेको २७ लाख ४७ हजार २५३ सवारीचालक अनुमतिपत्र हुलाकमार्फत सम्बन्धित यातायात कार्यालयमा पठाएको छ। यातायात व्यवस्था विभागका निर्देशक केशव खतिवडाले साउन ७ गतेसम्म हुलाकमार्फत ती लाइसेन्स पठाइएको जानकारी दिए।

उनले भने, ‘विगत चार वर्षदेखि विभिन्न कारणबाट छपाइ हुन बाँकी रहेको अवस्थामा विभाग र सुरक्षण मुद्रणकेन्द्रबीच २०८२ कात्तिक १२ मा भएको सम्झौता अनुसार छपाइ सुरक्षण मुद्रण केन्द्रबाट छापिएका सवारीचालक अनुमतिपत्रको विवरण सम्बन्धि निकायमा पठाइएको हो।’ विभागले आगामी दिनमा नयाँ लाइसेन्स प्राप्ति र नवीकरणमा राष्ट्रिय परिचयपत्र नम्बरमा भएको विवरण प्राप्त गर्न, राजस्व भुक्तानी अनलाइनमार्फत गर्न सकिने गरी प्रणालीमा सुधार गरेको जनाएको छ। सरकारले सवारीचालक लाइसेन्स छपाइमा देखिएका समस्या मात्रै समाधान गरेन । वर्षौंदेखि निर्माण व्यवसायीले अलपत्र पारेर सर्वसाधारणमा निराशा थप्ने रुग्ण आयोजनाका ठेक्का अन्त्य गरी पुरानो समस्यालाई नयाँ शिराबाट सम्बोधन गर्ने पहलकदमी पनि गरेको छ।

### एक सय ६० सडकका रुग्ण ठेक्का तोडियो

सडक विभागका अनुसार जेनजी आन्दोलनपछिको एक वर्षको अन्तरालमा काम अघि नबढाइएका वा समयमा पुरा नभएका करिब १६० वटा रुग्ण ठेक्का तोडिएका छन्। अहिले पनि सडक विभागले वर्षौंदेखि अलपत्र हुँदै आइरहेका सडकका रुग्ण ठेक्काहरु तोड्ने काम जारी नै छ। सडक विभागका महानिर्देशक जैसीले एक वर्षको अवधिमा करिब १६० रुग्ण ठेक्का तोडिएको बताए। रुग्ण ठेक्का मात्रै तोडिएका छैनन् । रुग्ण रहेका आयोजनाका ठेक्का लगाउने काम पनि प्राथमिकताका साथ भइरहेको सडक विभागले जनाएको छ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्साल आफैँ पनि विभिन्न सडकको स्थलगत अध्ययन गरी सडकमा भएका समस्या समाधानको प्रयत्न पनि गर्दै आइरहेका छन्। ‘मन्त्रीज्यू आफैँले स्थलगत भ्रमण गरेर रुग्ण ठेक्का पहिचान गरी आवश्यक कारबाही पनि भएका छन्’, महानिर्देशक जैसीले भने, ‘सर्वसाधारणले सडक, पुललगायतका क्षेत्रमा भएका गुनासाहरुको पनि तत्कालै समाधान गर्ने प्रयास भइरहेको छ।’ सडक विभागका अनुसार धुलिखेल–खावा र बालाजु सडक खण्डलगायतको ठेक्का तोडेर नयाँ बोलपत्र आह्वान भइसकेको छ । ‘अहिले सरकारले आफ्नै पूर्वाधार कम्पनी सञ्चालन गरी त्यसैमार्फत पनि काम अगाडि बढाइरहेको छ’, उनले भने।

सरकारले एक वर्षे अवधिमा कानुन र नीतिगत सुधार र शासकीय सुधारमा उल्लेखनीय उपलब्धि हात परेता पनि विकास तथा पूर्वाधार लक्षित पुँजीगत खर्च भने अपेक्षाकृत रुपमा हुन नसकेको पाइएको छ।

### समग्र पुँजीगत खर्च ४६ दशमलव ७९ प्रतिशत

सरकारले गत आर्थिक वर्ष २०८२/८३ मा पूर्वाधार निर्माणतर्फको पुँजीगत खर्चतर्फ चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन गरेको थियो। महालेखा नियन्त्रक कार्यालयका अनुसार गत आर्थिक वर्षमा भने लक्ष्यको ४६ दशमलव ७९ प्रतिशत अर्थात् एक खर्ब ९० अर्ब ८४ करोड १४ लाख खर्च भएको छ। सडक विभागले भने गत आर्थिक वर्षमा पुँजीगत खर्चतर्फ एक खर्ब २० अर्ब बजेट विनियोजन भएको थियो। सडक विभागका महानिर्देशक जैसीले सडक विभागको कुल पुँजीगत बजेटमध्ये ६० प्रतिशत खर्च भएको बताए । ‘गत आर्थिक वर्षमा पुँजीगत खर्च नहुनुमा अर्थ मन्त्रालयले सुरुमा बजेट रोक्का ग¥यो। जसले गर्दा ठेक्कापट्टा समयमा हुन सकेन’, महानिर्देशक जैसीले भने, ‘मध्यपूर्वको युद्धले गर्दा निर्माण सामग्री विशेषगरी बिटुमिनको भाउ दोब्बर भयो। निर्माण व्यवसायीले भाउ घट्ला र काम गरौँला भनेर पर्खिंदा पनि अपेक्षाकृत ढङ्गले पुँजीगत खर्च हुन सकेको हो।’

सरकारले आफ्नो रफ्तारमा शासकीय सुधार र विकास निर्माण अघि बढाउन खोजिरहेको अवस्थामा यही भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखालगायतका जिल्लाका सडक, पुल, झोलुङ्गे पुल र निजी आवास तथा सरकारी संरचनालगायतमा ठूलो क्षति तथा नोक्सानी पु¥याएको छ । त्यस बाढीबाट भौतिक मात्रै नभएर मानवीय क्षति पनि ठूलो भयो । सडक विभागका महानिर्देशक जैसीले भोटेकोशी नदीमा गएको बाढीको कारणले सडक र पुललगायतका संरचनामा प्रारम्भिक रुपमा रु २० अर्बभन्दा धेरै क्षति तथा नोक्सानी भएको प्रारम्भिक अनुमान गरिएको जानकारी दिए। उनका अनुसार बाढीले ४० किलोमिटर सडक र ३१ वटा पुललगायतका संरचनामा क्षति पु¥याएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार भोटेकोशी तथा आसपासको बाढीबाट प्रारम्भिक रुपमा करिब तीन खर्ब ८७ अर्बभन्दा धेरै क्षति तथा नोक्सानी भएको अनुमान गरिएको छ। रासस

# संकलन गरिएका राहत सामग्री सार्वजनिक



मधेशदृष्टि
जनकपुरधाम।
जनकपुरधाम उद्योग वाणिज्य संघले बाढी प्रभावित परिवारका लागि संकलन गरेको राहत सामग्री सार्वजनिक गरेको छ । जनकपुरधाम उद्योगा वाणिज्य संघले मधेसका मुख्यमन्त्री कृष्णप्रसाद यादवको उपस्थितिमा संकलन गरिएको राहत सामाग्री सार्वजनिक गरिएको हो।

बाढीबाट प्रभावित परिवारलाई तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ताकपडा, जुत्ताचप्पल, भाँडाकुँडा तथा अन्य दैनिक उपभोग्य सामग्रीसहित संघको टोली राहत सामग्री संकलन गरेको हो।

संघले संकलन गरेको राहत सामग्रीमा ७५ बोरा चामल, २१ बोरा सोयाबिन, दाल, नुन, चुरा, मुरही, चाउचाउ लगायतका खाद्य तथा आवश्यक सामग्री रहेका छन् । यस्तै, विभिन्न प्रकारका लत्ताकपडा, जुत्ताचप्पल, कम्बल, बेडसिट, टावेल तथा बालबालिकाका कपडासमेत संकलन गरिएको छ । बाढी प्रभावित परिवारको दैनिक आवश्यक्तालाई ध्यानमा राख्दै ७५ थान तावा, ७५ थान कराही, २०० थान थाली, २०० थान कचौरा, २०० थान गिलासलगायतका भान्सामा प्रयोग हुने सामग्री समेत रहेका छन् । राहत सामग्रीमा एक थान सिलाई मेसिनसमेत रहेको छ।

विपद्को समयमा पीडित परिवारलाई केही भए पनि राहत पुर्‍याउने उद्देश्यले व्यवसायी, सहयोगी तथा विभिन्न संघसंस्थाको सहकार्यमा राहत सामग्री संकलन गरिएको जनकपुरधाम उद्योग वाणिज्य संघले गठन गरेको राहत संकलन समितिका संयोजक जितेन्द्र महासेठले जानकारी दिए । उनले राहत सामाग्री पीडित परिवारसम्म नपुगेसम्म हाम्रो अभियान जारी नै रह्ने बताए। यी राहत सामाग्री लिएर आफूहरु बुधबार बाढी प्रभावित क्षेत्रमा जाने महासेठले जानकारी दिनु भयो।

राहत सामाग्री सार्वजनिक कार्यक्रममा प्रदेशसभा सदस्य दीपेन्द्र ठाकुर, जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह, पूर्व प्रदेशसभा सदस्य परमेश्वर साह, जनकपुरधामका पूर्व नगरप्रमुख लालकिशोर साह, नगजनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साह लगायतको उपस्थिति रहेको थियो।

# मधेश सरकार ७ अर्बभन्दा बढी...

प्राप्त नभएपछि सरकारले खर्च नियन्त्रणको नीति अपनाएको हो।

**अनुमानित स्रोत नै दबाबमा**

प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटका लागि आन्तरिक राजस्व तथा विविध प्राप्तिबाट ११ अर्ब २२ करोड ७५ लाख, संघीय सरकारबाट राजस्व बाँडफाँटबापत १२ अर्ब ८३ करोड तथा संघीय वित्तीय अनुदानबाट ९ अर्ब ४९ करोड ५९ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरेको थियो।

यस्तै, अघिल्लो आर्थिक वर्षको नगद मौज्दातबाट ६ अर्ब ८ करोड ५२ लाख र आन्तरिक ऋणबाट १ अर्ब ५० करोड रुपैयाँ व्यवस्थापन गर्ने लक्ष्य राखिएको थियो । तर अनुमान गरिएका स्रोत र वास्तविक आम्दानीबीच ठूलो अन्तर देखिएको छ।

मन्त्रालयका प्रवक्ता उपसचिव जयकुमार राउतका अनुसार गत आर्थिक वर्षको अन्त्यसम्म प्रदेश सरकारको कोषमा अनुमान गरिएभन्दा निकै कम रकम मौज्दात थियो । असार २५ सम्म करिब २ अर्ब ५० करोड रुपैयाँ मात्र नगद मौज्दात रहेको थियो।

आन्तरिक राजस्वतर्फ पनि लक्ष्यअनुसार रकम उठ्न सकेको छैन । ११ अर्ब २२ करोड ७५ लाख रुपैयाँ संकलन गर्ने लक्ष्य राखिएकोमा असार मसान्तसम्म ५ अर्ब ७६ करोड ५६ लाख रुपैयाँ मात्रै उठेको मन्त्रालयले जनाएको छ । संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानमा समेत कटौती हुने सम्भावना रहेको मन्त्रालयको आकलन छ । बजेटमा समानीकरण अनुदानबापत ७ अर्ब ८४ करोड ८५ लाख रुपैयाँ अनुमान गरिएको छ । तर बाढी–पहिरोलगायतका विपद्का कारण संघबाट प्राप्त हुने रकम घट्न सक्ने अनुमान गरिएको छ।

**ऋण उठाउने योजना पनि अन्योलमा**

सरकारले बजेटमा स्रोत व्यवस्थापनका लागि १ अर्ब ५० करोड रुपैयाँ आन्तरिक ऋणबाट जुटाउने उल्लेख गरेको छ । तर प्रदेश सरकारले ऋण लिन आवश्यक संयन्त्र र कार्यविधि तयार नगरेकाले तत्काल ऋण उठाउन सक्ने अवस्था नरहेको अर्थ मन्त्रालयका प्रवक्ता राउतले बताएका छन् । यसले चालु आर्थिक वर्षमा सशर्त अनुदानबाहेक प्रदेश सरकारको बजेटमा ७ अर्ब रुपैयाँभन्दा बढीको स्रोत अभाव हुन सक्ने मन्त्रालयको अनुमान छ।

**४४ शीर्षकमा बजेट रोक्का**

बजेट घाटाको जोखिम बढेपछि अर्थ मन्त्रालयले विभिन्न ४४ शीर्षकमा बजेट कटौती तथा रोक्का गर्ने निर्णय गरेको छ । भदौ २ गते गरिएको निर्णयअनुसार कतिपय खर्चमा २० प्रतिशतदेखि शतप्रतिशतसम्म रोक लगाइएको हो । भत्ता, सञ्चार शुल्क तथा विशिष्ट व्यक्ति र प्रतिनिधिमण्डलको भ्रमण खर्चमा २० प्रतिशत कटौती गरिएको छ । सवारी साधन तथा मेसिनरी औजार भाडासम्बन्धी खर्च भने पूर्ण रूपमा रोक्का गरिएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी सीप विकास, योजना तथा तालिम, गोष्ठी, अन्य संस्थालाई दिइने सशर्त अनुदान, वन तथा वातावरण संरक्षण तथा भैपरी आउने खर्चमा ५० प्रतिशत बजेट रोक्का गरिएको छ । पुँजीगत अनुसन्धान तथा परामर्श खर्चमा ७५ प्रतिशत कटौती गरिएको छ । यी निर्णय कार्यान्वयन गर्न मातहतका निकायलाई पत्राचार गरिसकिएको मन्त्रालयले जनाएको छ।

**गत वर्ष पनि १२ अर्ब हाराहारी घाटा**

मधेश प्रदेश सरकारले अघिल्लो आर्थिक वर्ष २०८२÷८३ मा पनि करिब १२ अर्ब रुपैयाँ बराबरको बजेट घाटा व्यहोरेको थियो । तत्कालीन जनमत पार्टी नेतृत्वको सरकारले ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजार रुपैयाँको बजेट ल्याए पनि स्रोत व्यवस्थापनमा समस्या देखिएपछि पटकपटक विभिन्न योजना तथा शीर्षकमा बजेट कटौती गरिएको थियो। आर्थिक वर्षको सुरुवातमा योजनाहरूमा न्यूनतम २० प्रतिशत बजेट कटौती गरिएकोमा जेठ मसान्तसम्म कतिपय योजना तथा शीर्षकमा शतप्रतिशतसम्म बजेट रोक्का गरिएको थियो । बजेट व्यवस्थापनका लागि प्रदेशको पीएलएमबीआईएसमा रकम रोक्ने र पुनः खोल्ने क्रमसमेत चल्दै आएको थियो।

**संरचना विस्तारसँगै खर्च बढ्यो**

अर्थ मन्त्रालयका प्रवक्ता राउतका अनुसार प्रदेश सरकारका मातहतका संरचना विस्तार हुँदै गएपछि प्रशासनिक तथा अन्य खर्च बढेको छ।

विगतमा प्रदेश सरकारका संरचना सीमित रहेकाले खर्च कम हुने र वर्षको अन्त्यमा १० अर्ब रुपैयाँभन्दा बढी मौज्दात रहने अवस्था थियो । अहिले संरचना र जिम्मेवारी बढेसँगै खर्चको आकार पनि बढेको उनको भनाइ छ।

सरकारले विभिन्न समयमा कर छुट दिने गरेका कारणसमेत अनुमानअनुसार आन्तरिक राजस्व संकलन गर्न कठिन भएको मन्त्रालयको विश्लेषण छ।

**राजस्व बढाउन अर्थशास्त्रीको सुझाव**

अर्थशास्त्री इन्दुशेखर मिश्रले बजेट घाटा नियन्त्रणका लागि प्रदेश सरकारले नयाँ राजस्व स्रोत पहिचान गर्नुपर्ने बताएका छन् । आन्तरिक अर्थतन्त्रलाई चलायमान बनाउँदै अनुत्पादक क्षेत्रमा हुने खर्च घटाएर उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्ने उनको सुझाव छ।

कोभिड–१९ पछि अर्थतन्त्र अपेक्षित रूपमा गतिशील हुन नसकेको र पछिल्ला वर्षमा दोहोरिँदै आएका प्राकृतिक विपद्ले पनि सरकारको आर्थिक अवस्था थप दबाबमा परेको मिश्रको भनाइ छ । उनका अनुसार प्रदेश सरकारले आफ्नै राजस्व क्षमता बढाउने ठोस योजना अघि नबढाए आगामी दिनमा आर्थिक सन्तुलन कायम गर्न अझ चुनौतीपूर्ण हुने देखिन्छ।

# भोटेकोशी बाढीको १३...

‘अहिले यस्तो भयो । सरकारले खोजेर ल्याइदेला नि बाबु ?’

छोरा बेपत्ता भएपछि सुमित्राको भोक र निद्रा हराएको परिवारका सदस्य बताउँछन् । सुशीलका बुवाको स्वास्थ्य अवस्था पनि छोराको अवस्थाबारेको चिन्ताले थप कमजोर बनेको छ । घरमा आउने मानिससँग उनले अझै पनि छोराको अवस्थाबारे सोधिरहने गरेका छन् । सुमित्राका अनुसार गत वैशाखमा नातिनीको छेक्कामा सुशीलसँग प्रत्यक्ष भेट भएको थियो । त्यसपछि भने फोनमा मात्र कुराकानी हुँदै आएको थियो । घटनाको केही दिनअघि सुशील घर आएर एक रात बसेका थिए । परिवारसँगको त्यही भेट अन्तिम बनेको छ।

- **खोजीमा परिवार, तर हात लागेन खबर**

भदौ १० गतेको घटनाबारे ममताले भोलिपल्ट मात्रै जानकारी पाएकी थिइन् । काठमाडौँबाट छोरीले फोन गरेर बुवा बेपत्ता भएको खबर सुनाएपछि उनी स्तब्ध बनेकी थिइन् । त्यसपछि परिवारका सदस्यहरू काठमाडौँ, रसुवा, चितवन र पोखरासम्म पुगेर सम्भावित स्थानमा खोजीमा लागे । तर अहिलेसम्म सुशीलको अवस्था पत्ता लाग्न सकेको छैन।

‘सास त गयो, अब लास पनि नपाउने हो कि भन्ने चिन्ता छ,’ ममताले भनिन्, ‘अब सरकारले राहतसँगै मेरा छोराछोरीको भविष्यका लागि पनि ठोस व्यवस्था गरिदिनुपर्छ।’

- **महोत्तरीका १० जना अझै बेपत्ता**

रसुवाको भोटेकोशी बाढीमा परी महोत्तरीका १७ जना बेपत्ता भएकामा हालसम्म सात जना सम्पर्कमा आएका छन् भने १० जना अझै सम्पर्कविहीन रहेको जनाइएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार भोटेकोशी बाढी तथा त्यसबाट प्रभावित घटनामा मधेश प्रदेशका १७८ जना अझै बेपत्ता छन् भने तीन जनाको मृत्यु भएको छ । बेपत्ता आफन्तको खोजीमा रहेका परिवारहरू भने यथाशीघ्र अवस्था सार्वजनिक गरी खोजी कार्यलाई थप प्रभावकारी बनाउन सरकारसँग आग्रह गरिरहेका छन्।

## बाढीपीडितका लागि पर्साबाट सहयोगको ओइरोः

# बहुदरमाईको २५ लाख, प्याब्सनको १५ लाखदेखि रक्तदान र राहत सामग्रीसम्म







**मधेशदृष्टि**
**वीरगंज।**
रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि पर्सा र बाराबाट सहयोग जुट्ने क्रम तीव्र बनेको छ । स्थानीय तहदेखि शैक्षिक संस्था, शिक्षक–कर्मचारी, विद्यार्थी, युवा क्लब तथा व्यवसायी–समाजसेवीसम्मले आ–आफ्नो क्षेत्रबाट सहयोगको हात अघि बढाएका छन् । यसै क्रममा पर्साको बहुदरमाई नगरपालिकाले भोटेकोशी बाढीपीडितका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २५ लाख ११ हजार १ सय रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ।

नगरपालिकाका अनुसार उक्त रकममध्ये कार्यालयको तर्फबाट ५ लाख ७५ हजार रुपैयाँ, जनप्रतिनिधिबाट १ लाख ७२ हजार रुपैयाँ तथा कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मीलगायतबाट १७ लाख ६४ हजार १ सय रुपैयाँ संकलन गरी कोषमा जम्मा गरिनेछ । भोटेकोशी बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै बहुदरमाई नगरपालिकाले मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको छ । विपद्को कठिन समयमा प्रभावित नागरिकको उद्धार तथा राहतका लागि सबै पक्षलाई सहयोग गर्नसमेत नगरपालिकाले आग्रह गरेको छ।

**प्याब्सन पर्साबाट १५ लाख सहयोग**

बाढीपीडितका लागि निजी तथा आवासीय विद्यालय संगठन नेपाल (प्याब्सन) पर्साले पनि १५ लाख रुपैयाँ राहत सहयोग गरेको छ । प्याब्सन पर्सामा आबद्ध ४० भन्दा बढी विद्यालयका अभिभावक, शिक्षक–कर्मचारी तथा विद्यार्थीबाट स्वेच्छिक रूपमा संकलन गरिएको रकम प्याब्सन मधेश प्रदेशका अध्यक्ष गणेश साहलाई हस्तान्तरण गरिएको हो।

उक्त रकम प्याब्सन मधेश प्रदेशमार्फत प्याब्सन केन्द्र हुँदै प्रधानमन्त्री राहत कोषमा जम्मा गरिने जनाइएको छ । प्याब्सन पर्साका जिल्ला सचिव अशोक संग्रौलाका अनुसार यो पहिलो चरणको सहयोग हो । दोस्रो चरणमा बाँकी विद्यालयबाट समेत सहयोग संकलन गरी राहत कोषमा थप रकम उपलब्ध गराइनेछ । विद्यालय समुदायबाट अभिभावक, शिक्षक र विद्यार्थीले स्वेच्छिक रूपमा रकम जुटाएर बाढीपीडितका लागि सहयोग गर्नुले विपद्को समयमा सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धता देखाएको छ।

रक्तदानमार्फत पनि बाढीपीडितलाई साथ

भोटेकोशी बाढीबाट प्रभावित नागरिकको सहयोगार्थ बाराको जीतपुरसिमरा उपमहानगरपालिका–१ पथलैयामा ५० जनाले रक्तदान गरेका छन् । वडा कार्यालयको सहयोगमा पथलैया युवा जागरण क्लब र पथलैया दिव्यज्योती क्लबले मंगलबार आयोजना गरेको रक्तदान कार्यक्रममा १२ महिलासहित ५० जनाले रक्तदान गरेका हुन्।

रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेका अनुसार कार्यक्रममा उत्साहजनक सहभागिता रहेको थियो । विपद्का बेला खाद्यान्न तथा आर्थिक सहयोगसँगै रगतको आवश्यकता पनि उत्तिकै महत्वपूर्ण हुने भएकाले रक्तदान कार्यक्रममार्फत समेत प्रभावित नागरिकलाई सहयोग गर्ने प्रयास गरिएको आयोजकले जनाएको छ।

**चामलदेखि कम्बल र सेनेटरी प्याडसम्म राहत सामग्री**

यसैबीच वीरगंज महानगरपालिका–१० का होटल व्यवसायी तथा समाजसेवी राजेश सिंहको अगुवाइमा संकलन गरिएको राहत सामग्री जेनजी पर्साका संयोजक महादेव प्रसाद कुर्मीलाई हस्तान्तरण गरिएको छ । बाढी प्रभावितका लागि संकलित सामग्रीमा २१ बोरा चामल, ७० प्याकेट चिउरा, २५ कार्टुन चाउचाउ, बिस्कुट, जुत्ता–चप्पल, कपडा, कम्बल तथा सेनेटरी प्याडलगायतका सामग्री रहेका छन्।

राहत सामग्री बुझ्दै संयोजक कुर्मीले संकलित सामग्री दुई–तीन दिनभित्र प्रभावित क्षेत्रमा पु¥याएर बाढीपीडित परिवारलाई वितरण गरिने बताएका छन्।

**विपद्मा पर्साको एउटै सन्देशः पीडितलाई एक्लो नछाडौँ**

भोटेकोशी बाढीले ठूलो जनधनको क्षति पु¥याएको अवस्थामा प्रभावित परिवारको उद्धार, राहत र पुनःस्थापनाका लागि राज्यको प्रयाससँगै नागरिकस्तरबाट भइरहेको सहयोगले मानवीय एकताको बलियो सन्देश दिएको छ।

बहुदरमाई नगरपालिकाको २५ लाख ११ हजार १ सय रुपैयाँ, प्याब्सन पर्साको १५ लाख रुपैयाँ, पथलैयामा गरिएको रक्तदान तथा वीरगंजबाट पठाउन तयारी गरिएको खाद्यान्न, कपडा र अत्यावश्यक सामग्रीले एउटै कुरा देखाएको छ ‘विपद्को पीडा भौगोलिक सीमाभन्दा ठूलो हुन्छ र त्यसको सामना सामूहिक एकताबाट मात्रै सम्भव हुन्छ।’

स्थानीय तह, शैक्षिक क्षेत्र, युवा क्लब, व्यवसायी तथा सर्वसाधारणबाट भइरहेको सहयोगलाई व्यवस्थित रूपमा प्रभावित परिवारसम्म पु¥याउनु अब उत्तिकै महत्वपूर्ण छ । राहत सामग्री वास्तविक पीडितसम्म पुग्ने, पारदर्शी रूपमा वितरण हुने र तत्कालको आवश्यकतासँग मेल खाने व्यवस्था सम्बन्धित निकायले सुनिश्चित गर्नुपर्ने देखिन्छ।

भोटेकोशीको बाढीले घर, परिवार र जीवनमा ठूलो क्षति पुर्‍याएको छ।

यस्तो विपद्मा राहतको प्रत्येक रुपैयाँ, प्रत्येक बोरा खाद्यान्न, प्रत्येक थोपा रगत र प्रत्येक सहयोगी हात पीडितका लागि आशाको आधार बन्न सक्छ । पर्सा र बाराबाट उठेको सहयोगको यो लहरले विपद्मा पीडितलाई एक्लो नछाड्ने सामाजिक प्रतिबद्धतालाई थप बलियो बनाएको छ।

# पोखरीको डिलमा बनेका घर...

गुनासो छ । सूचनाको विरोधमा मंगलबार स्थानीयले जनकपुरधामको पिडारी चोकमा एक घण्टाभन्दा बढी राजमार्ग अवरुद्ध गर्दै प्रदर्शन गरेका थिए । प्रदर्शनका क्रममा सरकारविरुद्ध नाराबाजीसमेत गरिएको थियो । राजमार्ग अवरुद्ध भएपछि प्रहरीले सामान्य बल प्रयोग गरेर प्रदर्शनकारीलाई हटाएको थियो।

स्थानीय राजोदेवी मण्डलले आफू २६ वर्षदेखि सोही क्षेत्रमा जग्गा किनेर घर बनाई बस्दै आएको बताइन् । लामो समयदेखि राज्यलाई कर तिर्दै आएको अवस्थामा अहिले अचानक घर खाली गर्न निर्देशन दिइएको भन्दै उनले असन्तुष्टि जनाइन्।

स्थानीय धर्मराज यादवले आफूहरू बसोबास गरिरहेको जग्गा गुठीको नभएको दाबी गरेका छन् । २०४६ सालको नापी तथा सरकारी अभिलेखका आधारमा जग्गाको वास्तविक स्वामित्व पहिचान गरी लालपुर्जा उपलब्ध गराउनुपर्नेमा त्यसको सट्टा संरचना हटाउने सूचना जारी गरिएको उनको भनाइ छ।

यादवले जग्गाको स्वामित्वसम्बन्धी पुरानो स्रेस्ता, नापी र अन्य प्रमाणको अध्ययन नगरी घर खाली गराउने प्रक्रिया अघि बढाउन नहुने बताए । स्थानीय पेमा देवीले भने पोखरी संरक्षण र सौन्दर्यकरणको काममा आफूहरूको कुनै आपत्ति नरहेको स्पष्ट पारिन् । तर पोखरी संरक्षणका नाममा पुस्तौँदेखि बसोबास गर्दै आएका स्थानीयको घरबस्ती नै हटाउने निर्णय स्वीकार्य नहुने उनको भनाइ छ।

जनकपुरधाम–१४ का वडा सदस्य रमेशकुमार साहले पनि अतिक्रमण हटाउने नाममा स्थानीयलाई त्रसित बनाउने काम भएको आरोप लगाए । विवादित क्षेत्रको पुरानो स्रेस्ता, नापी र अन्य सरकारी कागजात अध्ययन गरेर वास्तविक अवस्था पहिचान गरेपछि मात्रै आवश्यक प्रक्रिया अघि बढाउनुपर्ने उनले बताए।

उनका अनुसार लब्की पोखरीको डिलमा मात्रै करिब ४२ वटा कच्ची तथा पक्की घर रहेका छन् । गुठी संस्थानमा रहेको २०४६ सालको स्रेस्ता तथा अन्य प्रमाण अध्ययन गरेपछि जग्गाको वास्तविक स्वामित्वबारे स्पष्ट हुन सक्ने वडा सदस्य साहको भनाइ छ।

स्थानीयवासीले आफूहरू गुठीको जग्गा अतिक्रमण गरेर बसेको प्रमाणित भए कानुनी प्रक्रिया पूरा गरी क्षेत्र खाली गर्न तयार रहेको बताएका छन् । तर स्वामित्वसम्बन्धी विषयमा पर्याप्त छानबिन नगरी एकतर्फी रूपमा घर खाली गराउने प्रक्रिया अघि बढाइए आन्दोलनलाई थप सशक्त बनाउने उनीहरूको चेतावनी छ।

समितिले भदौ १९ गते जारी गरेको सार्वजनिक सूचनामा जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न पोखरी तथा पोखरीका डिलमा निर्माण भएका संरचना सात दिनभित्र हटाउन भनिएको छ । सूचनामा देवान पोखरी (चन्द्रकूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (विराही), गेन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी, लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्डलगायतका पोखरी तथा डिल उल्लेख छन्।

तोकिएको समयभित्र संरचना तथा अतिक्रमण नहटाए कानुनबमोजिम हटाउने चेतावनीसमेत समितिले दिएको छ।

तर लब्की पोखरी आसपासका स्थानीयले भने आफूहरूको जग्गाको स्वामित्व, नापी, स्रेस्ता र अन्य कानुनी प्रमाण पुनः परीक्षण गरी सत्यतथ्य सार्वजनिक गर्न माग गरेका छन्।

छानबिनबाट आफूहरूको दाबी गलत प्रमाणित भए कानुनी निर्णय स्वीकार गर्ने तर पर्याप्त प्रमाणबिना घर भत्काउने प्रक्रिया अघि बढाउन नहुने उनीहरूको अडान छ।

# वीरगंजका विवादित जग्गामा ‘बार्गेनिङ’...

रहेको बताउँदै कर्मचारी तथा जग्गाधनीलाई घुमाउरो शैलीमा दबाब दिने गरेको आरोपसमेत एक कर्मचारीले लगाएका छन् । अब ठाकुर पक्राउ परेसँगै उनले दाबी गर्दै आएको भनिएको ‘शक्ति पहुँच’ वास्तविक थियो वा मानिसलाई प्रभावित पार्न प्रयोग गरिएको रणनीति मात्र थियो ? भन्ने प्रश्न पनि अनुसन्धानको महत्वपूर्ण विषय बन्ने देखिएको छ । आदर्शनगरका जग्गाधनी सुनिल गुप्ताले समेत ठाकुरले दाबी गर्दै आएको पहुँचको वास्तविकता अनुसन्धानबाट बाहिर आउनुपर्ने बताएका छन्।

- **विवादित जग्गा खोज्दै कागजात बोकेर घरदैलोमा**

ठाकुर नापी कार्यालयका पूर्वकर्मचारी हुन् । जागिर छाडेपछि उनले विवादित घरजग्गासम्बन्धी कागजात संकलन गर्ने र त्यसका आधारमा सम्बन्धित सरकारी कार्यालय तथा जग्गाधनीसम्म पुगेर विवाद खडा गर्ने गरेको आरोप लाग्दै आएको छ । जग्गाधनीहरूको भनाइअनुसार उनको कथित कार्यशैलीमा सुरुमा सम्बन्धित जग्गाधनीलाई आफ्नो पक्षमा पार्ने प्रयास गर्ने, त्यसबाट सफलता नपाए विभिन्न माध्यमबाट मानसिक दबाब तथा त्रास सिर्जना गर्ने र अन्ततः विवाद समाधान गरिदिने नाममा ठूलो रकम माग गर्ने प्रवृत्ति देखिन्थ्यो।

वीरगंजका विभिन्न प्रतिष्ठित सम्पत्तिमा समेत यस्तै प्रकृतिको विवाद सिर्जना गरेको आरोप ठाकुरमाथि लाग्दै आएको छ । स्काईलाइन मल, पुरानो रेल्वे लाइन क्षेत्रमा पर्ने छपकैयाको करिब ३२ कट्ठा जग्गा, सलाई फ्याक्ट्रीको जग्गा तथा जैन धर्मशालानजिक उद्योगी अशोककुमार वैद्यको जग्गालगायतका सम्पत्तिमा समेत किचलो सिर्जना गरी रकम असुल्न खोजेको आरोप उनीमाथि छ।

- **को हुन् संजय ठाकुर ?**

सर्लाहीको बलरा नगरपालिका–८ स्थायी घर भएका ठाकुर नापी कार्यालयका पूर्वकर्मचारी हुन् । उनले २०५३ सालमा सर्वेक्षक पदबाट सरकारी सेवा सुरु गरेको बताइएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी अधिकृत पदमा बढुवा भएको आरोपमा उनीविरुद्ध मुद्दा दायर गरेको थियो । उक्त मुद्दामा दोषी ठहर भएपछि उनले सरकारी सेवाबाट राजीनामा दिएको विवरण सार्वजनिक भएको छ।

सरकारी सेवामा प्रवेश गर्नुअघि उनले २०५१ सालमा तत्कालीन कृषि मन्त्री महन्थ ठाकुरको सचिवालयमा काम गरेको तथा केही समय हुलाक कार्यालयमा करार सेवामा समेत काम गरेको बताइन्छ । सरकारी सेवाबाट बाहिरिएपछि भने विवादित घरजग्गाका कागजातलाई आधार बनाएर विभिन्न स्थानमा विवाद सिर्जना गर्दै आएको आरोप उनीमाथि लाग्दै आएको छ।

- **अब अनुसन्धानको घेरामा को–को पर्छन् ?**

ठाकुर पक्राउ परेसँगै के उनी एक्लै यस्ता गतिविधिमा संलग्न थिए, वा उनको पछाडि अरू व्यक्तिको समेत संगठित भूमिका थियो ? भन्ने अनुसन्धानको विषय बनेको छ । प्रहरीले ठाकुरसहित अन्य व्यक्तिविरुद्ध समेत जाहेरी परेको पुष्टि गरिसकेको छ । यसले अनुसन्धानको दायरा एक व्यक्तिमा सीमित नरहने संकेत गरेको छ।

विशेषगरी विवादित जग्गाका पुराना कागजात कसरी प्राप्त भए, ती कागजातको वैधानिकता के हो, फर्जी वारेसनामा बनाइएको भए त्यसमा को–को संलग्न थिए, सरकारी कार्यालयमा रहेका अभिलेख कसरी प्रयोग भए र जग्गाधनीसँग रकम बार्गेनिङ गर्ने प्रक्रियामा अन्य व्यक्तिको भूमिका थियो कि थिएन भन्ने प्रश्नको जवाफ खोजिन आवश्यक छ।

त्यसैगरी, आफूलाई उच्च तहका सरकारी अधिकारीदेखि संवैधानिक निकायसम्म पहुँच रहेको दाबी गर्ने व्यक्तिले कसको नाम प्रयोग गरे ? कसैको वास्तविक संरक्षण थियो कि केवल डर देखाउने हतियारका रूपमा ती नाम प्रयोग गरिए ? भन्ने विषय पनि अनुसन्धानको दायरामा आउनुपर्छ।

- **‘भूमाफिया’ सञ्जाल छ भने पर्दाफास हुनैपर्छ**

वीरगंजमा सार्वजनिक तथा निजी जग्गामा विवाद खडा गर्ने, पुराना कागजात वा वारेसनामाका आधारमा दाबी प्रस्तुत गर्ने, सरकारी निकायमा उजुरी र दबाब सिर्जना गर्ने तथा अन्ततः विवाद समाधानको नाममा आर्थिक लेनदेनको प्रयास गर्ने प्रवृत्तिबारे लामो समयदेखि प्रश्न उठ्दै आएको छ । ठाकुरको पक्राउले यस्ता गतिविधिको वास्तविकता पत्ता लगाउने एउटा महत्वपूर्ण ढोका खोलेको छ।

अब प्रहरीसामु चुनौती ठाकुरलाई पक्राउ गर्नु मात्र होइन, उनले सञ्चालन गरेको भनिएको सम्पूर्ण गतिविधिको जरोसम्म पुग्नु हो । यदि उनी एक्लै थिए भने त्यसको तथ्य अनुसन्धानबाट स्पष्ट हुनुपर्छ।

यदि उनको पछाडि व्यक्ति, समूह वा कुनै सरकारी तथा गैरसरकारी संयन्त्रको सहजीकरण थियो भने त्यो पनि सार्वजनिक हुनुपर्छ । त्यस्तै, विगतमा उनीविरुद्ध मुद्दा दर्ता हुँदाहुँदै पक्राउ किन भएन ? महानगरपालिकाले कानुनी कारबाहीका लागि प्रहरीमा बुझाउँदा सामान्य तारेखमा किन छाडियो ? ती निर्णयका पछाडि कुनै दबाब, प्रभाव वा कमजोरी थियो कि थिएन ? भन्ने प्रश्नको समेत निष्पक्ष समीक्षा आवश्यक छ।

ठाकुर पक्राउले वीरगंजका विवादित जग्गा, फर्जी कागजात, कथित शक्ति पहुँच, धम्की र आर्थिक बार्गेनिङसँग जोडिएका घटनामाथि गहिरो अनुसन्धानको बाटो भने खोलेको छ । अब अनुसन्धानले केवल ‘संजय ठाकुरले के गरे ?’ भन्ने प्रश्नको उत्तर दिएर पुग्दैन।

उसले अझ ठूलो प्रश्नको जवाफ दिनुपर्छ ‘वीरगंजका विवादित घरजग्गामा चलिरहेको भनिएको खेलमा ठाकुर एक्ला खेलाडी हुन्, कि पछाडि अझ ठूलो सञ्जाल छ ?’ त्यो सञ्जाल छ भने पर्दाफास हुनैपर्छ।

## ह्याचरीको दुर्गन्धले आक्रान्त बस्ती:

# शिवम् लेयर्स फार्म तत्काल बन्द गर्न नेता पाण्डेको माग



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पटेर्वासुगौली गाउँपालिका–२ गादीमा सञ्चालित शिवम् लेयर्स फार्म प्रालिको ह्याचरीबाट निस्कने फोहोर, दुर्गन्ध र अत्यधिक झिँगाका कारण आसपासका बस्तीको जनजीवन प्रभावित भएको भन्दै नेकपा (एमाले) का नेता रुपेश पाण्डेले कडा आपत्ति जनाएका छन् । ह्याचरीबाट उत्पन्न प्रदूषणका कारण स्थानीय बासिन्दाको स्वास्थ्यमा गम्भीर असर परेको दाबी गर्दै नेता पाण्डेले उद्योग तत्काल बन्द गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

पर्सा निर्वाचन क्षेत्रबाट निर्वाचनसमेत लडेका पाण्डेले वीरगंज महानगरपालिका–१० का चामल व्यवसायी शिवजी कलवारद्वारा सञ्चालित उक्त फार्मले स्थानीय नागरिकको स्वास्थ्य र वातावरणप्रति गम्भीर लापरवाही गरेको आरोप लगाए। उनका अनुसार उद्योगबाट निस्कने फोहोर र दुर्गन्धका कारण आसपासका बस्तीमा बस्नसमेत कठिन हुने अवस्था सिर्जना भएको छ । ह्याचरीका कारण झिँगाको प्रकोप बढेको र यसले स्थानीयको स्वास्थ्यमा प्रत्यक्ष जोखिम निम्त्याएको उनको दाबी छ । 'पैसा कमाउने नाममा नागरिकको स्वास्थ्यसँग खेलवाड गर्न पाइँदैन। शिवम् लेयर्स फार्मको ह्याचरीका कारण आसपासका बस्तीका जनताको उठीबास हुने अवस्था आएको छ,' पाण्डेले भने।

- **'फार्म बन्द नगरे ठूलो क्षति हुन सक्छ'**

पाण्डेले समस्या तत्काल समाधान नगरे स्थानीयस्तरमा आक्रोश थप बढ्न सक्ने चेतावनी दिएका छन् । उनले फार्म तत्काल बन्द नगरे आगामी दिनमा स्थानीय बासिन्दाबाट उद्योगमा ठूलो क्षति हुन सक्ने भन्दै त्यस्तो अवस्था सिर्जना भए त्यसको सम्पूर्ण जिम्मेवारी सञ्चालक शिवजी कलवारले लिनुपर्ने बताएका छन्।

उनका अनुसार स्थानीय नागरिकको स्वास्थ्य, वातावरणीय प्रभाव र बस्तीको संवेदनशीलतालाई बेवास्ता गरेर उद्योग सञ्चालन गर्न दिनु उचित हुँदैन । सम्बन्धित सरकारी निकायले तत्काल स्थलगत अनुगमन गरी आवश्यक कानुनी कदम चाल्नुपर्नेमा उनले जोड दिएका छन्।

- **गाउँपालिकाले तीन वर्षअघि नै बन्द गर्न दिएको थियो निर्देशन**

शिवम् लेयर्स फार्ममाथि स्थानीयस्तरबाट अहिले मात्र प्रश्न उठेको भने होइन । स्थानीय बासिन्दाको निरन्तर दबाब तथा सञ्चारमाध्यममा प्रकाशित समाचारपछि पटेर्वासुगौली गाउँपालिकाले यसअघि नै उद्योग बन्द गर्न निर्देशन दिइसकेको थियो। गाउँपालिकाको २०७९ चैत ८ गते बसेको कार्यपालिका बैठकले उद्योगलाई १५ दिनभित्र बन्द गर्न सम्बन्धित पक्षलाई पत्राचार गर्ने निर्णय गरेको थियो।

गाउँपालिकाका अनुसार उद्योगको सञ्चालनबाट प्रभावित भएको भन्दै विभिन्न समयमा एक सयभन्दा बढी स्थानीयले उजुरी दिएका थिए । स्थानीयको उजुरी तथा उद्योग सञ्चालनका क्रममा देखिएका समस्यामाथि अनुगमनसमेत गरिएको गाउँपालिकाले जनाएको छ।

- **'सर्त पालना गर्न पटक–पटक भन्यौँ, अटेर भयो'**

गाउँपालिकाले उद्योग सञ्चालनको अनुमति दिने निकायबाट तोकिएका सर्तहरू पालना गर्न सञ्चालक पक्षलाई पटक–पटक जानकारी गराएको जनाएको छ । तर, निर्देशन तथा जानकारीका बाबजुद सञ्चालकले अटेर गरेको निष्कर्षमा पुगेपछि उद्योग बन्द गर्ने निर्णय गरिएको गाउँपालिकाको भनाइ छ।

नेता पाण्डेका अनुसार गाउँपालिकाको अनुगमन समितिले तयार पारेको प्रतिवेदनमाथि कार्यपालिकामा छलफल भएको थियो । त्यसपछि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनअनुसार उद्योगलाई १५ दिनभित्र बन्द गर्न पत्राचार गर्ने र सम्बन्धित सरकारी निकायलाई समेत जानकारी गराउने निर्णय गरिएको थियो। तर गाउँपालिकाले वर्षौंअघि नै बन्द गर्न निर्देशन दिएको भनिएको उद्योगमाथि अहिले पुनः प्रश्न उठेपछि त्यो निर्णय कार्यान्वयन किन भएन ? भन्ने विषयसमेत गम्भीर बनेको छ।

- **निर्देशनपछि पनि सञ्चालन, नियमनमाथि प्रश्न**

स्थानीय तहले बन्द गर्न निर्देशन दिएको तीन वर्षभन्दा बढी समयपछि पनि ह्याचरीका कारण बस्ती प्रभावित भएको गुनासो दोहोरिनुले नियमनकारी निकायको भूमिकामाथि प्रश्न उठाएको छ। उद्योग सञ्चालन गर्न पाउने अधिकार भए पनि त्यसका कारण स्थानीय नागरिकको स्वास्थ्य, वातावरण र बाँच्ने अधिकारमा प्रतिकूल असर पर्न नहुने स्पष्ट मान्यता हो। उद्योगबाट निस्कने फोहोरको उचित व्यवस्थापन, दुर्गन्ध नियन्त्रण तथा वातावरणीय मापदण्ड पालना गर्नु सञ्चालकको दायित्व हो।

त्यसैले अहिलेको विवाद केवल एउटा उद्योग सञ्चालन गर्ने वा नगर्ने विषयमा सीमित छैन । यो उद्योग सञ्चालनका नाममा स्थानीय नागरिकले प्रदूषण र दुर्गन्ध सहनुपर्ने कि कानुनअनुसार वातावरणीय मापदण्ड पालना गराउन राज्यले आफ्नो जिम्मेवारी पूरा गर्ने ? भन्ने प्रश्नसँग जोडिएको छ। स्थानीयको उजुरी, गाउँपालिकाको पुरानो निर्णय र अहिले पुनः उठेको विरोधलाई गम्भीरतापूर्वक लिएर सम्बन्धित निकायले तत्काल अनुगमन गर्नुपर्ने देखिन्छ।

स्थानीयको स्वास्थ्य जोखिममा पारेर कुनै पनि उद्योग सञ्चालन गर्न दिन नहुने भन्दै उठेको आवाजलाई बेवास्ता गरिए समस्या झनै जटिल बन्न सक्ने देखिन्छ। अब सरोकारवाला निकायले शिवम् लेयर्स फार्मले वातावरणीय तथा स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गरेको छ कि छैन, गाउँपालिकाको पुरानो बन्द आदेश किन कार्यान्वयन भएन र स्थानीयले लगाउँदै आएका आरोपबारे निष्पक्ष छानबिन गरी स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने आवश्यकता देखिएको छ।

# मधेशमा १५४ हेक्टरभन्दा बढी वन अतिक्रमणमुक्त



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा वन अतिक्रमण नियन्त्रण अभियानलाई तीव्र पारिएको छ । प्रदेशका विभिन्न जिल्लामा गत आर्थिक वर्ष २०८२÷८३ मा १५४ दशमलव ५५ हेक्टर वन क्षेत्र अतिक्रमणबाट मुक्त गरिएको मधेश प्रदेश वन निर्देशनालयले जनाएको छ । वन निर्देशनालयका सूचना अधिकारी सजन चौधरीका अनुसार अतिक्रमणमुक्त गराइएको क्षेत्रफलमध्ये सबैभन्दा ठूलो हिस्सा पर्साको रहेको छ। पर्सामा मात्रै १२० हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ।

त्यसैगरी बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा तीन दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ।

वन क्षेत्रको जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाएर ती स्थानलाई पुनः वन संरक्षण तथा व्यवस्थापनको दायरामा ल्याइएको चौधरीले जानकारी दिए । अतिक्रमण नियन्त्रणसँगै वन चोरी तथा तस्करी रोक्नसमेत निगरानी र कारबाहीलाई प्रभावकारी बनाइएको उनको भनाइ छ।

वन संरक्षण र हरियाली विस्तारलाई प्राथमिकता दिँदै प्रदेशका विभिन्न जिल्लामा गत आर्थिक वर्ष ३२ लाख ३९ हजार ८१० बिरुवा उत्पादन गरिएको छ । उत्पादित बिरुवा प्रयोग गरी २६१ दशमलव ७७ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको वन निर्देशनालयले जनाएको छ । जिल्लागत रूपमा सर्लाहीमा सबैभन्दा बढी आठ लाख ६३ हजार ९७० बिरुवा उत्पादन भएका छन् । सप्तरीमा पाँच लाख तीन हजार ६४०, बारामा चार लाख ३४ हजार २००, सिरहामा चार लाख १५ हजार, धनुषामा चार लाख तीन हजार, महोत्तरीमा दुई लाख २० हजार र पर्सामा चार लाख बिरुवा उत्पादन गरिएको छ।

वृक्षरोपणतर्फ सप्तरीमा ९५ हेक्टर क्षेत्रफलमा काम भएको छ । धनुषामा ६६ दशमलव ५ हेक्टर, बारामा ४३ दशमलव ५३ हेक्टर, सिरहामा २६ हेक्टर, महोत्तरीमा २० हेक्टर, सर्लाहीमा आठ दशमलव ५ हेक्टर र पर्सामा दुई दशमलव २४ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको छ । चालु आर्थिक वर्षमा प्रदेशका वन क्षेत्रबाट काठ तथा दाउरा उत्पादनसमेत उल्लेख्य भएको निर्देशनालयले जनाएको छ । हालसम्म ६ लाख ६५ हजार २७३ दशमलव २६ घनफिट काठ उत्पादन भएको छ।

उत्पादनका हिसाबले सर्लाही अगाडि छ । सर्लाहीमा तीन लाख ५१ हजार ७५९ दशमलव ५ घनफिट काठ उत्पादन भएको छ । बारामा ९४ हजार ४६६ दशमलव ९ घनफिट, महोत्तरीमा ७८ हजार ५१६ दशमलव ९८ घनफिट, सिरहामा ६७ हजार ८७६ दशमलव ६७ घनफिट, सप्तरीमा ६५ हजार २९ दशमलव ४९ घनफिट र धनुषामा सात हजार ६२३ दशमलव ७२ घनफिट काठ उत्पादन भएको छ।

सोही अवधिमा प्रदेशका विभिन्न जिल्लामा एक हजार २५६ चट्टा दाउरा उत्पादन भएको छ । सर्लाहीमा सबैभन्दा बढी ७५१ दशमलव ९५ चट्टा दाउरा उत्पादन भएको छ।

बारामा २४२, महोत्तरीमा १९६ दशमलव ८९, सप्तरीमा ३५ दशमलव ३६, सिरहामा २२ दशमलव ५७ र धनुषामा सात दशमलव ३८ चट्टा दाउरा उत्पादन भएको निर्देशनालयले जनाएको छ।

वन पैदावार बिक्री वितरणअन्तर्गत हालसम्म पाँच लाख तीन हजार ७९९ दशमलव २७ घनफिट काठ बिक्री गरिएको छ । काठ तथा दाउराको बिक्री, वन पैदावारको उपयोग र अन्य वनजन्य गतिविधिबाट प्रदेश सरकारले पाँच करोड ८५ लाख ५० हजार १९० रुपैयाँ राजस्व संकलन गरेको सूचना अधिकारी चौधरीले बताए।

वन निर्देशनालयका निर्देशक सुभाषचन्द्र दासले वन कर्मचारीको सक्रियताका कारण अतिक्रमण नियन्त्रण तथा चोरी–तस्करी रोकथाममा उपलब्धि हासिल भएको बताए। वन क्षेत्र संरक्षणसँगै अतिक्रमण नियन्त्रण, वृक्षरोपण र वन पैदावारको दिगो तथा व्यवस्थित उपयोगलाई प्राथमिकतामा राखेर काम भइरहेको उनको भनाइ छ।

# पोखरीको डिलमा बनेका घर हटाउने सूचनापछि जनकपुरमा स्थानीयको विरोध




**मधेशदृष्टि**
**जनकपुरधाम।**
राजगुठीअन्तर्गतका पोखरी तथा पोखरीको डिलमा निर्माण भएका संरचना हटाउन सातदिने सूचना जारी भएपछि जनकपुरधाम उपमहानगरपालिका–१४ रजौलस्थित लब्की पोखरी आसपासका स्थानीय विरोधमा उत्रिएका छन् । गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनसम्बन्धी उच्चस्तरीय कार्यदल–२०६२ को प्रतिवेदन कार्यान्वयन समितिले उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न पोखरी तथा तिनका डिलमा भएका संरचना हटाउन सार्वजनिक सूचना जारी गरेपछि स्थानीयले आन्दोलन सुरु गरेका हुन्।

स्थानीयले भने आफूहरू वर्षौंअघि जग्गा खरिद गरेर घर बनाएर बस्दै आएको र नियमित रूपमा घरजग्गाको कर तिर्दै आएको बताएका छन् । विद्युत्, खानेपानीलगायतका सरकारी सेवा तथा सुविधा उपभोग गर्दै आएका अवस्थामा अहिले आएर घर खाली गर्न सूचना जारी गर्नु अन्यायपूर्ण भएको उनीहरूको

*बाँकी पृष्ठ ३ मा*

# मधेश सरकार ७ अर्बभन्दा बढी बजेट घाटाको जोखिममा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकार चालु आर्थिक वर्षमै ठूलो बजेट घाटाको जोखिममा परेको छ । सरकारले चालु आर्थिक वर्ष २०८३÷८४ का लागि ल्याएको ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट अनुमानअनुसार स्रोत जुट्न नसक्ने भएपछि आर्थिक दबाब बढेको हो । असार १ गते प्रदेशसभामा प्रस्तुत भएको बजेट कार्यान्वयनमा आएसँगै सरकारले खर्च व्यवस्थापनमा कडाइ गर्न थालेको छ । आर्थिक जोखिम कम गर्न अर्थ मन्त्रालयले विभिन्न शीर्षकमा बजेट कटौती तथा रोक्का गर्ने निर्णयसमेत गरेको छ।

अर्थमन्त्री युवराज भट्टराईले प्रस्तुत गरेको बजेटमा चालुतर्फ १४ अर्ब ६६ करोड र पुँजीगततर्फ २६ अर्ब ४७ करोड रुपैयाँ विनियोजन गरिएको छ । तर बजेटमा अनुमान गरिएका कतिपय स्रोतबाट लक्ष्यअनुसार रकम

*बाँकी पृष्ठ ३ मा*




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन